# शैक्षिक समाचार बिट र शिक्षा पत्रकार समूह

गणेश राई

**भूमिका**

नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा शिक्षालाई मानवअधिकारको रूपमा स्वीकार गरेको छ । नेपालको अन्तरिम संविधान, २०६३ मा समेत शिक्षालाई जन्मसिद्ध अधिकारको रूपमा उल्लेख गरिएको छ । तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले वि.सं. १९१० मा आफ्ना सन्ततिका निम्ति व्यक्तिगत शिक्षालय– 'अङ्ग्रेजी प्रारम्भिक स्कूल' खोलेर नेपालमा औपचारिक शिक्षाको थालनी गरेका थिए । नेपालमा प्राचीनकालदेखि वैदिक र बौद्ध शिक्षा प्रणाली चल्दैआएका थिए । तर जङ्गबहादुरको यो कदममार्फत नेपाली शिक्षण परम्परा आधुनिकतातर्फ डोरियो । दरबारभित्रबाट सुरु भएको विद्यालय १९३४ सालमा 'दरबार हाइस्कूल' मा परिणत भएको थियो । त्यही विद्यालयमा १९४२ सालदेखि सर्वसाधारण नेपालीलाई पनि अध्ययन प्रवेश खुला गरियो (शर्मा २०५७: ३९) ।

नेपालमा जतिखेर औपचारिक शिक्षा, दीक्षा थालनी भयो त्यतिखेर अखबारको प्रकाशन भएको थिएन । नेपाली भाषामा पत्रपत्रिका प्रकाशन र पत्रकारिताको सुरुआत वास्तवमै वि.सं. १९५८ वैशाखमा *गोर्खापत्र* साप्ताहिक (अहिलेको *गोरखापत्र* दैनिक) बाट भएको हो (देवकोटा २०५९: ५४) । त्यसपछि क्रमशः नेपाली भाषामा पत्रकारिताको अभ्यास बढ्दै गयो । सुरु सुरुमा पत्रकारले जुन विषय पायो त्यही विषयका समाचार खोज्ने र छाप्ने काम भएको पाइन्छ तर

*मिडिया अध्ययन* ३: ३१९-३३४ २०६५

पत्रकारिताको विकाससँगै विषयगत समाचार लेखन (बिट रिपोर्टिङ) को क्रम बढेको छ । यसलाई पत्रकारितामा 'न्यूज बिट' भन्ने चलन छ । अहिलेका छापा र विद्युतीय सञ्चारमाध्यममा काम गर्ने पत्रकारहरूको 'बिट' छुट्ट्याइने गरिन्छ । यो शब्द पछिल्लो चरणमा नेपाली पत्रकारिताको बढ्दो व्यावसायिकतासँगै सञ्चारकर्मीमाझ लोकप्रिय बनेको छ । हरेक दैनिक अखबार र विद्युतीय सञ्चारमाध्यमले राजनीतिक, अर्थ वाणिज्य, मनोरञ्जन, खेलकुद, शिक्षा, स्वास्थ्य, विदेश मामिला, मानवअधिकार लगायतका विषयमा छुट्टाछुट्टै संवाददाता खटाउने गरेका छन् ।[1]

२०४६ सालको जनआन्दोलनपछि संविधानतः पत्रकारिता सुरक्षित भयो । यसले नयाँ नयाँ सञ्चारगृह स्थापनाका लागि सहज वातावरण बन्यो र प्रतिस्पर्धी उद्योगका रूपमा नेपाली मिडिया देखा पऱ्यो । यसले व्यावसायिक पत्रकारिताको विकासमा धेरै मद्दत पुऱ्याएको छ जसको फलस्वरूप पत्रकारितामा विषयगत समाचार लेखन (बिट रिपोर्टिङ) को विकास ह्वात्तै बढेको हो । समाचारदाताको रुचि, चाहना, चाख, अध्ययन, अनुसन्धानका आधारमा यसरी बिट रिपोर्टिङ तोकिने गरेको छ । समाचार लेखनमा सत्य, तथ्य, एकरूपता आउने र विश्वसनीय हुने भएकाले यो चलन बढेको हो ।

२०४६ को प्रजातान्त्रिक जनआन्दोलन अघिसम्म मुलुकमा 'मिसन पत्रकारिता' गरिन्थ्यो । त्यसयता नेपाली पत्रकारिताले बिस्तारै व्यावसायिक रूपमा अघि बढ्ने मौका पाएको हो । २०६२/६३ को लोकतान्त्रिक जनआन्दोलनसम्म आइपुग्दा नेपाली पत्रकारितामा धेरैओटा 'न्यूज बिट' (विषय) जन्मिइसकेका छन् र स्थायित्व पाएका छन् । जस्तै संसद, कुटनीति, प्रधानमन्त्रीको कार्यालय, द्वन्द्व पत्रकारिता, परराष्ट्र मामिला, राजनीतिक (दलगत) रिपोर्टिङ, भ्रष्टाचार, अदालत, अपराध, स्वास्थ्य, शिक्षा, जलसरोकार, विद्युत, भूमिअधिकार, कमैया, जनजाति आदि । खेलकुद, अर्थ, मनोरञ्जन, विदेश मामिला लगायतका विषयमा भने छापा र विद्युतीय सञ्चारमाध्यमले छुट्टै पृष्ठ र समय दिएर बिट पत्रकारितालाई थप मान्यता दिएका छन् । पत्रकारितामा बिटका रूपमा शिक्षा, स्वास्थ्य, कृषि, मानवअधिकार, पर्यटन लगायतका विषयलाई पनि सञ्चारमाध्यमले प्राथमिकता दिने गरेका छन् । अहिलेसम्म शिक्षा तीन किसिमले दिने गरिएको छ– औपचारिक शिक्षा (विद्यालय, महाविद्यालय, विश्वविद्यालयीय शिक्षा), अनौपचारिक शिक्षा र दूर शिक्षा (खुल्ला शिक्षा) । तीमध्ये शिक्षा बिटका पत्रकारहरूले औपचारिक

---

[1] २०६४ वैशाख २२ मा सञ्चारविज्ञ रामकृष्ण रेग्मीसँग गरिएको कुराकानीअनुसार ।

शिक्षासम्बन्धी समाचारलाई नै प्रमुख रूपमा उठाउँदै आएका छन् र यो लेख पनि औपचारिक शिक्षालाई समाचार बिटका रूपमा कसरी उठाइँदै आएको छ भन्नेतर्फ केन्द्रित छ। शिक्षालाई सञ्चारमाध्यममा महत्त्वपूर्ण बिटका रूपमा विकास गर्न सञ्चारकर्मीले के कस्ता भूमिका निर्वाह गर्दै आएका छन् भन्ने कुरा यस लेखमा केलाउन खोजिएको छ। यसरी शिक्षा बिटको विकासबारे लेखको पहिलो भागमा चर्चा गरिएको छ भने पछिल्लो भागमा शिक्षा पत्रकार समूह (शिपस) का गतिविधि र यसले खेलेको भूमिकाको विवेचना गरिएको छ।

## सञ्चारमाध्यममा शिक्षा बिट

मूलतः विद्यालयदेखि विश्वविद्यालय तहसम्म दिइने शिक्षालाई समाचार 'बिट' का रूपमा अघि बढाउने काम राजधानीबाट प्रकाशित दैनिक अखबारले गरेका हुन्। मुलुकको पहिलो अखबार *गोरखापत्र* दैनिकले शिक्षा मन्त्रालय र त्यस मातहतका निकायबाट जारी शैक्षिक सूचनालाई प्राथमिकता दिन्थ्यो। एसएलसी परीक्षाको नतिजा प्रकाशन हुँदा बोर्ड फस्ट लगायत टप टेनमा परेका परीक्षार्थीका नाम र तिनका बारे समाचार छापिन्थे। त्रिभुवन विश्वविद्यालयका विद्यार्थीको आन्दोलन, दीक्षान्त समारोह, परीक्षाफल आदिबारे समाचार छापिन्थे।

निजीस्तरमा २०४९ फागुन ७ गतेबाट प्रकाशन सुरु भएको *कान्तिपुर* दैनिकले सुरु-सुरुमा शिक्षा विषयलाई महत्त्व दिएको पाइँदैन। त्यसयता प्रकाशित ठूला आकारका दैनिक अखबारको सङ्ख्या दर्जनभन्दा बढी पुग्छ। तीमध्ये केही प्रकाशन निरन्तर छन् भने केही बन्द भइसके। तिनै अखबारमा कार्यरत पत्रकारहरूको प्रयासबाट शिक्षा पनि समाचारका विभिन्न विषयमध्ये एक स्थापित विधा बन्न पुग्यो। सञ्चारमाध्यममार्फत प्रवाहित हुने यस्ता समाचारले सम्बन्धित निकायमा सकारात्मक असर पार्ने गरेको संवाददाताको अनुभव छ। "जब मैले २०५४ सालमा निजी विद्यालयको शिक्षा र कमजोरीबारे समाचार लेखेँ, त्यसले मन्त्रालयका अधिकारीहरूलाई समेत छोएछ। धेरै नै क्रिया प्रतिक्रिया आयो" *कान्तिपुर* दैनिकका पत्रकार बलराम बानियाँ बताउँछन्। नेपाली पत्रकारितामा शिक्षा विटको क्रमविकासबारे उनी भन्छन्, "त्यही विषयलाई अन्य पत्रपत्रिकाले पनि ठाउँ दिँदै गएपछि शिक्षा विषय बिटका रूपमा अघि बढेको हो। फरक-फरक सञ्चारगृहमा कार्यरत पत्रकारहरू शिक्षा मन्त्रालयदेखि शिक्षालयसम्म भएका कमीकमजोरी औँल्याउन अघोषित रूपमा लागिपरेका थियौँ हामी।"[२]

---

[२] बलराम बानियाँसँग २०६४ वैशाख २३ मा गरिएको कुराकानीअनुसार।

बानियाँले दाबी गरेको करिब डेढ दशकको अन्तरालमा आज शिक्षाको समाचार सञ्चारमाध्यमको अभिन्न अङ्ग बनेको छ । अहिले हरेक दिनका प्रत्येक अखबारले शिक्षाको समाचार छापेको पाउँछौँ । शिक्षा विषयको समाचार रिपोर्टिङ गर्न सञ्चार गृहले छुट्टै संवाददाता खटाउने गरेका छन् । उही विषयको रिपोर्टिङ गर्न एकको अनुपस्थितिमा दोस्रो संवाददातासमेत विकल्पको रूपमा राख्ने गरेको पाइन्छ । पत्रपत्रिका, रेडियो र टेलिभिजनमा शिक्षाका समाचार, लेख, विश्लेषण वा कार्यक्रमले महत्त्व पाएका छन् । ती समाचार र विषयले नीतिनिर्माण तहमा भएका व्यक्तिलाई निर्णयअघि सतर्क तुल्याइरहेका हुन्छन् र राष्ट्रिय स्तरका निर्णयलाई असर पारेका हुन्छन् ।

१५ वर्ष अघिको रिपोर्टिङमा मौसमी रूपमा (अर्थात् विभिन्न समारोह वा दिवस पारेर) वा कुनै गतिविधि कहीँ भएमा मात्र सामान्य जानकारी दिने हिसावले शिक्षा विषयलाई मिडियाले समेट्थ्यो । अहिले २०६४ सालसम्म आइपुग्दा शिक्षालाई परिवर्तनको मूल कारक मान्दै समाचार विषयका रूपमा लिएको छ । मुलुकका बालबालिकाले कसरी विद्यालय जान पाए वा पाएनन् भन्ने विषयलाई समाचार बनाइएको छ भने गरिब, असहायलाई मिडियाकै माध्यमबाट पठनपाठन व्यवस्था गरिदिने दातासमेत जुटाइएका उदाहरण छन् । रिपोर्टिङको गुणस्तरमा समेत सुधार आएको छ । संवाददाता सधैँ नयाँ विषयको खोजीमा रहने गरेको पाइन्छ । रिपोर्टको न्यूजरुम प्रोसेसिङ प्रक्रियामा समेत संवेदनशीलता अपनाइन्छ । उदाहरणका लागि *कान्तिपुर* दैनिकको हकमा, जस्तो मुस्लिम बालबालिकाले मदरसामा औपचारिक शिक्षा पढ्न नपाएका, हिउँद याममा हिमाली भेगका बालबालिका बसाई सर्न नपाएकाजस्ता समाचार 'एङ्कर' बनाउने तयारी छ भने त्यसलाई एक सातासम्म पर्खेरै भए पनि रिपोर्टरलाई पुनः तथ्य खोज्न लगाएर पूर्णतासहित समाचार पठाउने चलन छ । पहिले कुनै शैक्षिक समाचारलाई जस्ताको तस्तै छापिन्थ्यो भने अहिले बढी जिम्मेवारीपूर्वक लिँदै थप आयामहरूबारे खोजी गर्न लगाइन्छ । त्यसरी तयार पारिएका समाचारका प्रभावहरू पनि त्यही रूपले पर्ने गरेको छ । उल्लिखित समाचारहरूको प्रभावको कुरा गर्नुपर्दा सरकारले २०६३ सालबाट मदरसा, गुम्बा, गुरुकुलमा दिइने शिक्षालाई मूलधारमा ल्याउने कार्यक्रम अघि बढाएको छ । हिमाली भेगका बालबालिकालाई हिउँद याममा बाबु-आमासँगै खोँचतिर बसाइँ सर्नुपर्ने अवस्थामा त्यहाँ वैकल्पिक विद्यालयको समेत व्यवस्था गर्ने गरेको छ ।

नागरिक समाज शिक्षा क्षेत्रमा परिवर्तनको मूल कारक तत्त्व हो । अनौपचारिकदेखि औपचारिक कक्षामा भर्ना भएर विद्यावारिधि गर्नेसम्मका विभिन्न गतिविधि शिक्षाका समाचार हुन् । गाउँको विद्यालय भवन बनाउन विदेशमा

रहेकाहरू मिलेर गरेको सहयोगदेखि आफ्नो जग्गा विद्यालयलाई दान दिनेसम्मका कार्य शैक्षिक समाचारका विषय बनेका छन् । नाति/नातिनाका साथ लागेर विद्यालय पढ्न धाइरहेका हजुरआमा, हजुरबाका जाँगरिला कथा समाचारको आकर्षण हो । *गोरखापत्र, कान्तिपुर, राजधानी, नेपाल समाचारपत्र, अन्नपूर्ण पोष्ट, हिमालय टाइम्स* जस्ता दैनिकले शिक्षाका समाचारलाई प्राथमिकता दिँदै आएका छन् । *राजधानी*ले एक पृष्ठ शिक्षालाई छुट्ट्याउँदै आएको छ । *अन्नपूर्ण पोष्ट* दैनिकले साप्ताहिक एक पृष्ठ शिक्षालाई छुट्ट्याएको छ । यसरी घोषित रूपमा नै एक पृष्ठ शिक्षालाई दिइनाले शिक्षा बिटलाई झनै स्थापित गराउने काम गरेको छ ।

अब त शिक्षासम्बन्धी विषय पत्रिकाको एउटा बिटमा मात्र सीमित छैन, शिक्षासम्बन्धी पत्रपत्रिका नै फाट्टफुट्ट निस्कन थालिसकेका छन् । पछिल्लो पटक संस्थागत रूपमा हिमाल एसोसिएसनले *शिक्षक* मासिक पत्रिका प्रकाशनको सुरुआत गरेको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय शैक्षिक मुद्दालाई समेटेर २०६४ माघमा यसको पहिलो अङ्क आएको छ । यस्तै पब्लिक-प्राइभेट पार्टनरसिप संस्थाबाट *एजुकेसनल पेजेज* नामक पाक्षिक पत्रिकासमेत प्रकाशनमा छ । पत्रिकाका सम्पादक लवराज ओलीका अनुसार २०६४ सालको अन्तसम्ममा यो पत्रिका करिब एक सय अङ्क प्रकाशित भइसकेको छ । यसो त विभिन्न क्याम्पसले मुखपत्र वा विषय केन्द्रित पत्रिका प्रकाशन गर्दैआएका छन् । ती पत्रिकामा पनि विद्यार्थी, शिक्षक केन्द्रित विषय समेटिएका सामग्री पाइन्छन् ।

## शिक्षा पत्रकारिता र शिक्षा पत्रकार समूह

राजधानीबाट प्रकाशित दैनिक र साप्ताहिक अखबारमा शिक्षा विषयमा रिपोर्टिङ गर्ने पत्रकारहरूका बीचमा आफूले गरिरहेको कामबारे आपसमा छलफल हुनु स्वभाविकै थियो । प्राविधिक विषयका रूपमा रहेको शिक्षालाई सामूहिक छलफलमार्फत सहज र सरल बनाउन सकिने महसुस गरियो । समाचारले नीतिनिर्माण तहमा दबाब समूहको भूमिका खेल्न सक्छ । तसर्थ यसको स्तर उकास्न विभिन्न किसिमका अन्तर्क्रिया सहयोगी हुन सक्छन् । नीतिनिर्माण तहदेखि कार्यान्वयन तहसम्म रहेका विकृति र विसङ्गति औँल्याउने क्रममा प्रशस्तै चुनौती आउँछन् । तीमध्ये केहीलाई सामूहिक प्रयासद्वारा मात्रै पार लगाउन सकिने हुन्छ । यी विभिन्न कारणले शिक्षा बिटका पत्रकारले आफ्नो समूह बनाउने प्रयास थालेको पाइन्छ । त्यही प्रयासका क्रममा पत्रकारहरूको साझा मञ्च– शिक्षा पत्रकार समूह (शिपस) २०५६ साल (सन् २०००) मा स्थापना भएको हो । शिपसको संस्थापक अध्यक्ष राजन शर्मा हुन् भने उपाध्यक्ष

हरि थापा, महासचिव देवेन्द्र भट्टराई, सचिव राजाराम गौतम, कोषाध्यक्ष सुदर्शन घिमिरे र सदस्यहरूमा पदम गौतम, भूपराज खड्का, गणेश बस्नेत, निश्चल चापागाई, व्याकुल पाठक, जगत नेपाल, माधवी भट्ट र भुवन केसी थिए । संस्थापक सदस्यहरू प्रायः सबै दैनिकदेखि साप्ताहिक प्रकाशनमा संलग्न रहँदै आएका थिए भने शिक्षा विषयलाई बढी प्राथमिकता दिँदै पत्रकारिता गरिरहेका थिए ।

अहिले शिक्षा पत्रकार समूह विभिन्न छापा र विद्युतीय सञ्चारमाध्यममा कार्यरत करिब पाँच दर्जन पत्रकारहरूको साझा मञ्च बनेको छ । शिक्षामा कलम चलाउने पत्रकारहरूको क्षमता वृद्धि गर्न सकियोस् र सञ्चारमाध्यमहरूमा उठाइएका शैक्षिक गतिविधिका समाचार र लेखहरूले नीति निर्माता र कार्यान्वयन तहसम्म प्रभाव पार्न सकोस् भन्नेतर्फ यो समूह सजग र क्रियाशील रहँदै आएको छ । शिक्षा पत्रकार समूहले 'वाचडग' को रूपमा शिक्षासम्बन्धी विषय उठाउने काम आठ वर्षदेखि गर्दै आएको छ । यसले विभिन्न २२ जिल्लामा शिक्षा निगरानी समूह गठन गरेको छ । त्यही समूहले शिक्षामा भएका सबैखाले कार्यक्रम अनुगमन गराउने र रिपोर्ट तयार पार्ने गरेको वर्तमान (२०६४ साल) अध्यक्ष भूपराज खड्का बताउँछन् । यस समूहमा केवल पत्रकारमात्र नभई शिक्षाविद्हरू पनि रहने व्यवस्था छ । यसरी विशेषज्ञसमेत रहनुले विषय उठान र पुष्टि गर्ने काममा सजिलो भएको छ । यस कार्यलाई निरन्तर जारी राख्न समूहले कार्यालय व्यवस्थापन, अध्ययन, अनुसन्धान, समाचार रिपोर्टिङका निम्ति विभिन्न गैरसरकारी संस्थासित सहकार्य गर्दै आएको छ ।

शिपसमा शिक्षा विषयमा समाचार सम्प्रेषण गर्दै आएका पत्रकारहरूलाई सुरुमा सहायक सदस्यता र छ महिनापछि पूर्ण सदस्यता दिइने प्रावधान छ । आर्थिक स्रोतको अभावमा राजधानीबाहिर समूहको सदस्यता र शाखा विस्तार हुनसकेको छैन । तर, ५२ जिल्लामा सक्रिय पत्रकारसित सम्बन्ध विस्तार गरेको शिपसका वर्तमान अध्यक्ष भूपराज खड्काको भनाइ छ । यसै गरी सञ्चारगृहमा आवद्ध शिक्षा बिटका पत्रकारलाई समूहले समाचारको विषय दिएर स्थलगत रिपोर्टिङका लागि रिपोर्टरले विशेष गरी समेट्नुपर्ने विषयवस्तुबारे अवगत गराउने काम गरेको छ ।

अहिले समूहमा कूल ५५ जना सदस्य छन् । त्यसमध्येबाट कार्यसमितिमा निर्वाचित भएर एक अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र चार सदस्य रहने व्यवस्था छ । शिक्षा पत्रकार समूहको कार्यालय काठमाडौंको अनामनगरमा रहेको छ । समूहले अन्तर्क्रिया कक्षसहित तीन ओटा कोठाको मासिक १५ हजार रुपियाँ (करसहित) भाडा तिर्दै आएका छन् । कार्यालयमा टेलिफोन, फ्याक्स, कम्प्युटर, इमेल, इन्टरनेट, मोबाइल, क्यामेरा आदि सुविधाहरू

उपलब्ध छन् । शिक्षासँग सम्बन्धित मुख्य मुख्य डकुमेन्ट छन् जसका व्यवस्थापनका निम्ति चार पूर्णकालीन र एक आंशिक कर्मचारी छन् ।

सन् २०१५ सम्म 'सबैका लागि शिक्षा' अन्तर्राष्ट्रिय अभियानमा नेपाल सरकारले हस्ताक्षर गरेको छ। उक्त लक्ष्यप्राप्तिका निम्ति सञ्चारमाध्यमको उपयोग गर्ने उद्देश्यअनुरूप शिपसले भूमिका निर्वाह गरेको देखिन्छ । सञ्चारकर्मी, शिक्षाविद्हरू र सरोकार राख्ने अभिभावक तथा सर्वसाधारणका बीच छलफल हुने थलोका रूपमा समूह रहेको शिपसका वर्तमान अध्यक्ष भूपराज खड्का बताउँछन् ।[३] शिक्षामा कलम चलाउने पत्रकारको यो पहिलो संस्था हो भन्ने दाबी पनि खड्काको छ ।

"यो शिक्षाविज्ञ र पत्रकारको संयुक्त प्रयास हो," समूह स्थापनामा पर्दा पछाडिका प्रेरक मानिएका शिक्षाविद् प्रा.डा. तीर्थराज खनिया भन्छन्, "उतिखेर मिडियाले शिक्षामा भएका नराम्रा विषय मात्र समाचारका रूपमा प्रस्तुत गर्थे । विकृति हटाउन र राम्रो कुरा लेख्न शिक्षालाई मुद्दाका रूपमा अघि बढाउन आवश्यक थियो । त्यसैअनुसार पत्रकारले हामीले बुझाएका विषयलाई जनताले बुझ्ने भाषामा पुऱ्याउने काम गर्दैआएका छन् ।"[४]

२०५५/५६ सालसम्म शिक्षा मन्त्रालयलगायत निकायका नीतिनिर्माण तहका कर्मचारीले पत्रकारलाई कर्के नजरले हेर्थे । पत्रकारलाई 'जासुसी' या 'गुप्तचर' जस्तै पात्रका रूपमा लिइन्थ्यो । यिनले कसैको गल्ती मात्र औँल्याउने र भए नभएका कुरा लेखेर छपाउने गर्छन् भन्ने सोचिन्थ्यो । यस्तो परिस्थितिलाई शिक्षा बिटका पत्रकारले निरन्तर खोतल्दै लेख्दै गए । सञ्चारले हरेक समुदायमा नयाँ चेतना प्रवाह गर्नसकेको छ भने परम्परागत सामन्ती मनोविज्ञान र हाकिमी मानसिकतामा गुज्रेका शिक्षा मन्त्रालयदेखि त्यस मातहतका तल्ला निकाय जिल्ला शिक्षा कार्यालय र विद्यालयका शिक्षकसम्मलाई सञ्चारको महत्त्वप्रति बढी सचेत तुल्याएको छ। यसले गर्दा शिक्षाबारे सूचना सम्पर्क सूत्रधारका रूपमा पत्रकारलाई लिन थालेको शिपसका पूर्व अध्यक्ष सुदर्शन घिमिरेको दाबी छ। यसैक्रममा शिक्षा मन्त्रालयले सञ्चारमाध्यमसित सूचना प्रवाह गर्न एक जना सह-सचिवलाई प्रवक्ताको जिम्मेवारी दिँदैआएको छ ।

शिपसका स्थापना र शिक्षासँग सम्बन्धित विषयमा नियमित छलफल, अन्तर्क्रिया, गोष्ठी, स्थलगत समाचार रिपोर्टिङ, घटना विवरण समेत ल्याई

---

[३] भुपराज खड्कासँग २०६४ वैशाख १५ मा गरिएको कुराकानीअनुसार ।

[४] तीर्थराज खनियासँग २०६४ जेठ १० मा गरिएको कुराकानीअनुसार ।

समाचार बनाएर जवाफदेही बनाउन थालेपछि पत्रकारलाई हेर्ने आँखामा परिवर्तन आएको छ । गल्ती ढाक छोप गर्नु होइन सच्याउनु बुद्धिमानी हो भन्ने कुरालाई सैद्धान्तिक रूपमा स्वीकार गरिएको छ र व्यवहारमा परिवर्तन ल्याइएको छ ।

शिक्षा पत्रकार समूह दर्ता भएको तीन महिनाभित्रै फिनिस दूतावाससँग सहकार्य गर्न पुग्यो । यो सहयोगबाट हरेक हप्ता शिक्षाका विषयलाई छलफलमा ल्याउनको लागि सहयोग पुगेको समूहका अध्यक्ष खड्का बताउँछन् ।

त्यसयता शिक्षा ऐन सातौँ संशोधनमा राजनीतिक दलहरूको सहमतिमा शिक्षा पत्रकार समूहले शिक्षा नीतिको दस्तावेज तयार गऱ्यो । त्यही दस्तावेज/रिपोर्टमा उल्लेख भएका अधिकांश बुँदा शिक्षा ऐन सातौँ संशोधनमा जस्ताको तस्तै समेटिएको समूहका सदस्यहरूको दाबी छ । उनीहरू यसलाई शिक्षा पत्रकार समूहको उपलब्धि भन्न रुचाउँछन् ।

साङ्गठनिक संरचनाको कुरा गर्नुपर्दा शिपस जिल्ला प्रशासन कार्यालयमा गैरसरकारी संस्थाका रूपमा दर्ता छ र यसले दातृ संस्थाबाट शिक्षाकेन्द्रित सहयोग लिएर गतिविधिहरू सञ्चालन गर्दै आएको छ । यस दृष्टिमा शिपसले गैरसरकारी संस्था (गैसस) को रूपमा पनि काम गर्दैआएको छ । अर्कातिर शिक्षा बिटमा काम गर्दै आएका र काम गर्न चाहनेलाई पनि समेट्दै एउटा साझा मञ्चका रूपमा यसको विकास हुँदै गएको छ । यो आफैँमा सञ्चारगृह या माध्यम नभई सञ्चारकर्मीहरूको भेटघाट गर्ने थलोमात्र हो । समूहको आफ्नै आयस्रोत भनेको केवल सदस्यता शुल्क हो । आफ्ना गतिविधिलाई अगाडि बढाउन स्रोतको आवश्यकता हुनेहुँदा गैससको रूपमा कार्य गर्दै अगाडि बढ्नु यसको एउटा बाध्यता हो । साथै, गैससका रूपमा दर्ता नभइकन यसले सामाजिक गतिविधिहरू अगाडि बढाउन नसक्ने कानूनी प्रावधान अर्कातिर छ । उता गैससकै रूपमा मात्र रहँदा मञ्चको रूपमा हुँदा जस्तो शिक्षा बिटमा काम गर्ने पत्रकार, शिक्षाविद्हरूको भेटघाट र अन्तर्क्रिया गर्ने साझा थलो बनाउन सहज हुँदैन जुन यसको स्थापनाको प्रमुख उद्देश्य हो । यसर्थ मञ्चका रूपमा पनि यसलाई अगाडि बढाउनु अर्को बाध्यता हो । शिपसका संस्थापक अध्यक्ष राजन शर्मा भन्छन्, “मन, वचन र कर्मले शिक्षा सञ्चारकर्मीको थलो हो र समूह धान्नै पर्ने बाध्यताले यो गैसस पनि बनेको छ । तर आधारभूत उद्देश्य र गन्तव्यमा गैससको भूमिकाले कुनै असर पार्दैन ।”[५]

---

[५] राजन शर्मासँग २०६४ वैशाख १५ मा गरिएको कुराकानीअनुसार ।

## शिक्षा पत्रकार समूहका गतिविधि

शिक्षा पत्रकार समूहले गर्ने गरेका गतिविधिलाई निम्न पक्षहरूमा विभाजन गरेर चर्चा गर्न सकिन्छः

***पत्रकारहरूको क्षमता वृद्धि***

शिक्षा पत्रकार समूहले शिक्षा विषयमा काम गर्ने सञ्चारकर्मीलाई विभिन्न समयमा सशक्तीकरण तालिम दिँदैआएको छ। छापा र विद्युतीय (रेडियो) कर्मीलाई सन्दर्भ सामग्रीसहित केन्द्र, क्षेत्र र जिल्लास्तरसम्म अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। तालिम लिएका सञ्चारकर्मीलाई विद्यालय शिक्षामा भएका गतिविधि, तथ्य, कमीकमजोरी आदि केलाएर समाचार र फिचरसमेत लेख्न समूहले आग्रह गर्ने गरेको छ। सबैभन्दा पहिला एमएस नेपालको सहयोगमा २०६० सालमा मध्यमाञ्चलका पत्रकारहरूलाई काभ्रेको धुलिखेलमा तालिम दिइएको थियो। यसै गरी पूर्वाञ्चलका पत्रकारलाई विराटनगरमा र पश्चिमाञ्चलकालाई पोखरामा तालिम दिइएको थियो। तालिमको आधारमा ती पत्रकारलाई फिचर रिपोर्टिङ गराउने काम गरिएको थियो। त्यही फिचरलाई पुस्तक *टेकोले धानेको घर* (थापा २०६१) मा समावेश गरी प्रकाशन गरियो।

***शैक्षिक मुद्दाको उठानमा सहयोगीको भूमिका***

शिक्षा विषयलाई सञ्चारमाध्यमले जसरी प्राथमिकता दिँदै आए उसै गरी शिक्षा पत्रकार समूहले सञ्चारमाध्यममा आवद्ध पत्रकारलाई विषय (शिक्षा बिट) केन्द्रित सशक्तीकरण तालिम दिन थाल्यो। यसले गर्दा शैक्षिक मुद्दालाई विशेष जोड दिएर रिपोर्टिङ गर्ने क्रम बढेको छ। शिक्षा मन्त्रालयलगायत शैक्षिक निकायसित सम्बद्ध अधिकारी, शिक्षाविद्का नजरमा पत्रकारप्रति सकारात्मक धारणाको विकास भएको छ। त्यसअनुसार शिक्षामा गरिएका लगानी, प्रभाव, कमीकमजोरीहरूको खोजी गरी केलाउने काम भएको छ। यस विषयमा विगतदेखि हुँदै आएका रिपोर्टिङ परम्परा बदलिएको छ। एसएलसी रिजल्ट प्रकाशन, शैक्षिक संस्थामाथि आक्रमण, सरकार वा मन्त्रालयले जारी गर्ने शिक्षाबारेको सूचना जस्ता विषयमा मौसमी रिपोर्टिङ मात्रै हुने गरेको पुरानो प्रचलन हटिसकेको छ र पत्रकारमा हरदम शिक्षाबारे समाचार खोजी गर्ने बानीको विकास हुन थालेको छ।

शिक्षालयबाहिर रहेका बालबालिकालाई विद्यालय ल्याउन अभिभावकलाई सचेत तुल्याउने काममा समेत पत्रकारहरू लागि पर्न थालेका छन्। शिक्षाका

केन्द्रीय तहदेखि विद्यालय तहसम्म रहेका निकायले गरेका काम, नीतिको कार्यान्वयन नभएका विषय, स्रोतको उपयोग/दुरुपयोग, सबैलाई शिक्षाको पहुँचभित्र ल्याइएका छन् र ल्याउन सकिन्छ भन्नेबारेमा चियाउने काम भएको छ । केन्द्रदेखि स्थानीय स्तरसम्मका छापा, विद्युतीय सञ्चारमाध्यममा ती मुद्दाले स्थान पाउँदै आएका छन् । कुनै पनि सञ्चारमाध्यममा छापिएको, प्रसारण भएका विषयलाई सरोकारवाला पक्षले नकारात्मकभन्दा पनि सुधारका लागि ग्रहण गर्ने पद्धतिको विकास भएको छ ।

उसो त शिक्षा पत्रकार समूहको स्थापना (२०५६ साल) देखि हाल (२०६४ चैत) सम्मको उपलब्धिको अर्को पाटो हो, शिक्षासँग प्रत्यक्ष वा परोक्ष रूपमा रहेका सबैको उजुर सुनवाई गर्नु र त्यसको उपचार हुने ठाउँका रूपमा समूहको उपयोग । यसरी सबैको मत राख्ने, छलफल गर्ने थलोका रूपमा पनि शिपसलाई लिइँदैआएको छ ।

***प्रकाशन***

शिक्षा पत्रकार समूहले स्थापना कालदेखि गर्दै आएका विभिन्न गतिविधिमा प्रकाशन र प्रसारण पनि पर्दछन् । यसै क्रममा समूहले 'शिक्षा लेख सँगालो' (फिचर सर्भिस) २०५८ माघदेखि सुरु गरेको थियो । यो सँगालो दुई वर्षसम्म चलेपछि आर्थिक अभावका कारणले बन्द भयो ।[६] यसमा विभिन्न सञ्चारमाध्यममा आवद्ध सञ्चारकर्मीका शैक्षिक रिपोर्ट समावेश गरी प्रकाशन गरिएको थियो । हरि थापा सम्पादक रहेको उक्त मासिक सँगालोमा समेटिएका सामग्री स्रोत खुलाएर अन्य पत्रपत्रिकाले पनि निःशुल्क प्रकाशन गर्न सक्थे । एक्सन एड नेपालको सहयोगमा यो सँगालो बढीमा दुई सय प्रति छापिन्थ्यो (अधिकारी २०६०) र सम्बन्धित लेखक/रिपोर्टरलाई पारिश्रमिक पनि दिइन्थ्यो ।

समूहले शिक्षा विषयलाई नै ध्यानमा राखी *जूनकिरी* मासिक भित्तेपत्रिकासमेत २०६० पुसबाट प्रकाशन गर्दैआएको थियो । युनिसेफको सहयोगमा यो पत्रिका २३ अङ्कसम्म प्रकाशित भयो । उक्त भित्तेपत्रिकामा बालिका शिक्षा, बालअधिकार र शिक्षासँग सम्बन्धित मोफसलका सामग्री समेटिन्थे । युनिसेफ आफैंले काम गर्दै आएका ११ जिल्लामा उक्त पत्रिका जान्थ्यो र समूहको

---

[६] २०६३ फागुन ५ मा सम्पन्न शिपसको छैठौं वार्षिक साधारणसभामा तत्कालीन महासचिव पदम गौतमद्वारा प्रस्तुत प्रतिवेदनमा आर्थिक अभावका कारणले उक्त कार्य बन्द गर्नु परेको उल्लेख गरिएको थियो ।

अग्रसरतामा थप चार जिल्लाका २० ओटा गाविसमा प्रतिनिधि राखेर टाँस्ने व्यवस्था मिलाइएको थियो । कार्यक्रम अवधि सकिएपछि यसको प्रकाशन हाल स्थगित भएको छ ।

*टेकोले धानेको घर* २०६१ पुसमा प्रकाशित पुस्तक हो । शिक्षा पत्रकार समूहले पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल क्षेत्रमा विभिन्न सञ्चारमाध्यममा आवद्ध पत्रकारहरूबीच आयोजना गरेको शैक्षिक अभिमुखीकरण कायक्रमको उपजका रूपमा यो पुस्तक आएको समूहका तत्कालीन अध्यक्ष तथा सम्पादक हरि थापाले लेखका छन् (थापा २०६१) । यसमा विद्यालय शिक्षासँग सम्बन्धित ४० ओटा फिचर लेख समावेश गरिएको छ । शिक्षाविद् डा. विद्यानाथ कोइरालाले पुस्तकबारे टिप्पणी गर्दै भनेका छन्:

> अनुसन्धान विज्ञहरूको मात्रै पेवा रहेन । यस अर्थमा यो जनस्तरमा ओर्लियो । अर्थात् पत्रकारहरूले तथ्य, आधिकारिक भनाइ र धरातलीय यथार्थताको संयोजन गर्ने शैली जन्माए । उनीहरूको शब्दावलीमा खोज पत्रकारिता । अनुसन्धाताको शब्दावलीमा लघु अनुसन्धान । खोजको क्रममा पत्रकारहरूले व्यवस्थापनको एक्स (x) सिद्धान्त अपनाए । रुखो शब्दावलीमा छिद्रान्वेषी बन्ने सिद्धान्त । यस अर्थमा उनीहरूले शैक्षिक कमजोरीहरू खोजे । संरचनागत कमजोरी । प्रशासकीय कमजोरी । नीतिगत कमजोरी । कार्यान्वयनगत कमजोरी (थापा २०६१: पछिल्लो कभर पृष्ठमा उद्धृत) ।

शिपसले दोस्रो पुस्तकका रूपमा *शिक्षाका चार मुद्दा (चार खोजमूलक रिपोर्टिङको सँगालो)* २०६४ साउनमा प्रकाशित गरेको छ (शर्मा २०६४) । सेभ द चिल्ड्रेन नर्वेको आर्थिक सहयोगमा तयार गरिएको पुस्तकमा शिक्षासम्बन्धी चार ओटा खोजमूलक सामग्री समावेश गरिएका छन् । पुस्तकभित्र 'कागजमा सीमित दरबन्दी मिलान'; 'शिक्षामा विदेशी सहायताः मूल्याङ्कनको कसीमा'; 'छात्रवृत्तिको दुरुपयोगः विद्यालयमा भ्रष्टाचारको नमुना' र 'शिक्षामा बजेटः झञ्झटिलो प्रक्रिया, न्युन प्रतिफल' शीर्षकका खोजमूलक फिचर समेटिएका छन् ।

यसै गरी शिपसले *सबैका लागि स्तरीय शिक्षा* त्रैमासिक बुलेटिन २०६१ मङ्सिर-माघ र २०६२ जेठ-साउन गरी दुई अङ्कसम्म प्रकाशन गरेको छ । सबैका लागि शिक्षा अभियानबारे समाचार नियमित जानकारी तथा कमीकमजोरी औँल्याउने उद्देश्यले बुलेटिन प्रकाशन थालनी गरिएको थियो । दाताको अभावमा आर्थिक समस्या परेकाले नियमित हुन सकेन ।

समूहले शैक्षिक विषय केन्द्रित गरी २०६४ माघ २७ गते आइतबारबाट *आजको शिक्षा* नामक पत्रिका प्रकाशन सुरु गरेको छ । टयाबलोइड आकारमा

१६ पृष्ठको यस साप्ताहिक पत्रिकामा मधेस आन्दोलनले शिक्षक, विद्यार्थी र समुदायमा पारेको प्रभाव, कर्णालीको शैक्षिक स्थिति, विभिन्न जिल्लाका शैक्षिक समाचार पहिलो अङ्कमा समेटिएका छन् । यसै गरी शिक्षामन्त्री प्रदीप नेपालको अन्तर्वार्ता, सङ्घीय नेपालमा शिक्षा संरचनाको बहस, शिक्षाविद्का विचार, प्लस टुदेखि विश्वविद्यालयसम्मको शैक्षिक अवस्थाबारे लेख तथा फिचर समेटिएका छन् ।

***प्रसारण***

प्रकाशन कार्यबाहेक शिपसले रेडियो कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । समूहले सञ्चालन गरेको रेडियो कार्यक्रम हो– *शिक्षाको नालीबेली* । “नमस्कार, कक्षा कोठादेखि नीतिनिर्माण गर्ने मन्त्रालय, विद्यालयदेखि विश्वविद्यालय अनि स्वदेशदेखि विदेशसम्मका शिक्षाका हरेक पक्षलाई समेट्ने एउटा सिङ्गो रूप हो कार्यक्रम शिक्षाको नालीबेली ।” हरेक शनिबार बिहान आठ बजे रेडियो सगरमाथामा यही आवाज सुनिँदै आएको छ । २०६० सालबाट शैक्षिक मुद्दालाई रेडियोमार्फत उजागर गर्दैआएको कार्यक्रम हो यो । कार्यक्रम संयोजक सुदर्शन सिग्देलका अनुसार २०६४ पुस मसान्तसम्ममा २ सय ४ ओटा कार्यक्रम शृङ्खला प्रस्तुत भइसकेका छन् ।[७] यो कार्यक्रम मात्र आधा घण्टाको हो, जसलाई रेडियो म्यागेजिन भन्ने गरिएको छ। यसमा मुलुकको शिक्षाबारे विविध समाचार, फिचर, अन्तरसंवाद, छलफल आदि सामग्री प्रसारण हुने गरेको छ । मुलुकको शैक्षिक मुद्दामा केन्द्रित रहेर तयार गरिने रेडियो रिपोर्ट जानकारीमूलक मात्र नभई अन्तर्क्रियात्मक रहेको सिग्देल बताउँछन् । यसमा समेटिने विषय अनौपचारिकदेखि औपचारिक शिक्षा, शिशु कक्षादेखि उच्चशिक्षा, विद्यावारिधिसम्मका विषयमा छलफल चलाइन्छ, रिपोर्टिङ गरिन्छ । यस रेडियो म्यागेजिन *शिक्षाको नालीबेली* मा प्रसारित सामग्रीले स्थानीय तहमा शिक्षक, विद्यार्थीदेखि नीतिनिर्माण तहसम्म प्रभाव पारेको सिग्देलको दाबी छ । रेडियो कार्यक्रम उत्पादन तथा प्रसारणमा दुई सदस्य पूर्णकालीन र दुई जना आंशिक हिसाबमा क्रियाशील छन् । समूहले प्रति कार्यक्रम तीन हजार रुपियाँ (करबाहेक) प्रसारण शुल्क रेडियो सगरमाथालाई तिर्दै आएको छ । रेडियो कार्यक्रम उत्पादनदेखि रेकर्डको सिडी बनाउने कामसम्म समूहले कार्यालयमा रहेको काम चलाउ स्टुडियोबाट गर्दै आएको छ ।

---

[७] सुदर्शन सिग्देलसँग २०६४ मङ्सिरमा गरिएको कुराकानीअनुसार ।

## *अन्तर्क्रिया*

समूहले शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमाथि सम्बद्ध पक्षहरू र पत्रकारहरूका बीचमा स्थापनाकालदेखि नै संवाद र अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ। सुरु सुरुमा अनियमित रूपमा गरिने यस्ता कार्यक्रमले २०६० सालतिर आएर नियमित साप्ताहिक अन्तर्क्रिया कार्यक्रमको रूप लिन पुग्यो। समूहले स्थापनालगत्तै २०५६ फागुनमा पहिलो कार्यक्रमका रूपमा 'सार्वजनिक विद्यालयको अनुगमन र व्यवस्थापनमा समुदायको हस्तक्षेपकारी भूमिका' विषयक गोष्ठी गरेको थियो। काठमाडौँको अद्वैत मार्गस्थित नेपाल पत्रकार महासङ्घको हलमा 'विद्यालय सञ्चालन गर्न स्थानीय समुदायलाई जिम्मा दिनु उचित' विषयक गोष्ठी भएको थियो। उता सरकारले सामुदायिक विद्यालयलाई व्यवस्थित गर्न विद्यालय व्यवस्थापन समिति स्थानीय समुदायलाई हस्तान्तरण कार्यक्रम तीन वर्षदेखि जारी राखेको छ। विश्व बैंकको सहयोगमा सरकारले सार्वजनिक (सरकारी) विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा लगाउने कार्यक्रम जारी राखेको छ। शिक्षासम्बन्धी राज्यको नीतिमा परिवर्तनको पछाडि यस्ता गोष्ठीको मात्र प्रभाव थियो भनेर ठोकुवा गर्न नमिले पनि त्यहाँ हुने अन्तर्क्रियाले सम्बन्धित मुद्दालाई उठाउने र अघि बढाउने काममा उल्लेख्य भूमिका खेलेको थियो भन्न सकिन्छ। संस्थापक उपाध्यक्ष हरि थापा भन्छन्, "त्यतिखेर शिक्षा मन्त्रालय समुदायलाई विद्यालय व्यवस्थापन जिम्मेवारी दिने कार्यक्रम अघि सारेकै थिएन। आज सरकारले त्यसैअनुसार विद्यालय हस्तान्तरण अभियान जारी राखेको छ।"[८]

साप्ताहिक रूपमा नियमित कार्यक्रम सञ्चालन गर्न थालेपछि कार्यक्रम सञ्चालनका लागि छुट्टै सञ्चालक समेत नियुक्त गरिएको थियो र उसले नै विषय निश्चित गर्ने, वक्तालाई सम्पर्क गर्नेदेखि कार्यक्रम सञ्चालन गर्ने गर्दथ्यो। शिक्षा पत्रकार समूहकै हलमा प्रत्येक शुक्रबार सञ्चालन गरिने यो कार्यक्रम दिनको १:०० बजेदेखि ३:०० बजेसम्म सञ्चालन हुने गरेको थियो।[९] वक्ताका रूपमा आवश्यकताअनुसार ३ जनादेखि ८ जनासम्म पनि हुन्थे भने सरकारी निकायबाट अनिवार्य रूपमा सम्बन्धित विषयसँग सरोकार राख्ने एक जना प्रतिनिधि राखिन्थ्यो, जसको उद्देश्य छलफलले नीतिनिर्माणको तहमा पनि प्रभाव पारोस् भन्ने थियो। हरेक कार्यक्रममा औसतमा १५-२० जना सहभागी हुन्थे भने राजधानीका मिडियाहरूले पनि अन्तर्क्रिया कार्यक्रमको समाचार समेट्ने गर्दथे। शिपसको

---

[८] हरि थापासँग २०६४ वैशाख १५ मा गरिएको कुराकानीअनुसार।

[९] विशेष कारणवश कुनै दिन भने बार र समय परिवर्तन पनि हुन सक्थ्यो।

आफ्नै आर्थिक स्रोतमा सञ्चालन हुँदै आएको यो साप्ताहिक कार्यक्रम नयाँ कार्यसमिति बनेपछि सञ्चालकको नियुक्ति हुन नसक्दा २०६४ साउनदेखि त्यति नियमित हुन सकेको छैन । साउन यता अनियमित रूपमा भने महिना वा दुई महिनामा एउटामात्र छलफल चलेको छ । औपचारिक, अनौपचारिक, दूरशिक्षा, खुल्ला शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गतका विभिन्न समसामयिक मुद्दामाथि अन्तर्क्रिया हुने गरेका थिए । नीतिनिर्माणदेखि कार्यान्वयनको स्तरसम्म देखिएका राम्रा पक्ष र कमजोरी सम्मलाई छलफलको विषय बनाउने गरिएको थियो । छलफल र अन्तर्संवादले नीति/निर्माता, सम्बद्ध सरकारी अधिकारी, शिक्षाविद्, विश्वविद्यालयका प्राध्यापक, शिक्षक सङ्घ/सङ्गठन, प्याब्सन, एन प्याब्सन, विद्यार्थी सङ्गठनहरू जस्ता सरोकारवाला समूहहरू एकै ठाउँमा बसेर शैक्षिक समस्या र समाधानका बाटाहरू पहिल्याउन विचार र अनुभव साटासाट गर्ने अवसर उपलब्ध गराएको छ । पत्रकारलाई शिक्षा क्षेत्रका मुद्दाहरू पहिल्याउन यस किसिमको कार्यक्रमले सहयोग पुऱ्याएको छ ।

### *दातासँगको सहकार्य*

समूह स्थापनालगत्तै फिनिस दूतावाससित पहिलो सहकार्यको थालनी गरेका शिपसले पछिल्लो समयमा करिब दर्जन निकायसित सम्बन्ध विस्तार गरेको छ । समूहले शिक्षा मन्त्रालय, शिक्षा विभाग, युनिसेफ, विश्व बैंक, एमएस नेपाल, एक्सन एड नेपाल, जीसी नेटवर्क (शिक्षाका लागि विश्वव्यापी अभियान), भिएसओ (भोलन्टियर सर्भिस एसोसिएसन), सिविन लगायतसित सहकार्य गर्दै आएको छ । शिक्षामा लगानीबारे अनुसन्धान सिविनसँगको सहकार्यमा सञ्चालन गरिएको छ भने युनिसेफ नेपालको सहयोगमा बालिका शिक्षा र सबैका लागि शिक्षामा वकालत लगायतका कार्यक्रम सञ्चालन गरिएको छ ।

शिपसले युनिसेफसित 'बालिका शिक्षामा पहुँच बिस्तार' विषयका सहकार्य गरेको थियो । यसमा मदरसाका बालिका, दलित, जनजाति, गरिब छात्राबारे रिपोर्टिङ गरिएको थियो । यसै गरी विश्व बैंकसितको सहकार्यमा समुदायमा विद्यालय व्यवस्थापनमा राष्ट्रिय सहमति गराउन मिडिया एड्भोकेसी गर्दै आएको छ ।

शिपसले एमएस नेपाल र सेभ द चिल्ड्रेन नर्वेसितको सहकार्यमा शिक्षा बिटका पत्रकारको क्षमता अभिवृद्धि तालिम केन्द्रदेखि क्षेत्रीय तहसम्म सञ्चालन गर्दै आएको छ । साथै, तिनको सहयोगमा *टेकोले धानेको घर* र *शिक्षाका चार मुद्दा* पुस्तक प्रकाशनमा ल्याइएको छ ।

## निष्कर्ष

नेपालका अखबार र विद्युतीय सञ्चारमाध्यमले शिक्षा समाचारलाई स्थान दिए पनि प्रमुख बिटका रूपमा स्थापित गर्न अझै कन्जुस्याइँ गरिरहेका छन् । मुख्य गरी ब्रोडशिट दैनिकहरूले शिक्षाका लागि भनेर आफ्नो पेज छुट्ट्याएका भए पनि धेरै जसो अखबार तथा विद्युतीय सञ्चारमाध्यममा यो विषयले उस्तो प्राथमिकता पाएको देखिँदैन । शिक्षाका लागि पेज छुट्ट्याएका अखबारले पनि स्थान दिनेबाहेक यस बिटमा काम गर्ने पत्रकारको दक्षता अभिवृद्धि गर्ने वा शिक्षा पत्रकारितामा पत्रकारलाई आकर्षण गराउनका लागि कुनै पहल कदमी लिन सकेका छैनन् । शिक्षासम्बन्धी सामग्रीले मिडियामा स्थान पाए पनि दक्ष जनशक्तिको अभावका कारणले स्तरीय रिपोर्टिङको अभाव देखिन्छ । कुनै पनि सञ्चारगृहले समाचार बिटका आधारमा तालिम दिलाउने गरेका छैनन् । पत्रकार रामकृष्ण रेग्मीकै कथनअनुसार न्यूजरुमको पछाडि पत्रकारलाई तालिम दिनु आवश्यक हुन्छ तर दिइँदैन । मिडिया हाउसले तत्काल संलग्न सञ्चारकर्मीलाई तालिम दिनसके दक्ष जनशक्तिबाट त्यही सञ्चारगृहलाई फाइदा पुग्छ । यसतर्फ उचित ध्यान पुगेको छैन ।[१०]

शिक्षा पत्रकार समूह सक्रिय सञ्चारकर्मीदेखि शिक्षाबारे चासो लिने लेखक, अनुसन्धाताका निम्ति छलफल गर्ने/गराउने मञ्चका रूपमा स्थापित भएको छ । यति नै पर्याप्त भने होइन । सरोकारवाला सबै पक्षसित चाहे जति सहकार्य गर्न सकेको छैन भने मूलधारमा कार्यरत सबै शिक्षा बिटका रिपोर्टरलाई समूहले समेट्न सकेको छैन । समेटिनै पर्छ भन्ने पनि होइन । तैपनि शिक्षा पत्रकारले समेट्नुपर्ने विषयबारे जानकारी गराइदिएर तथा राजधानीबाहिर अर्थात् टाढाटाढा हुने गतिविधि समेट्नका लागि आफ्नो नेटवर्कमा भएका पत्रकारलाई संलग्न गराएर सञ्चारमाध्यममा शिक्षा बिट कायम गर्ने र गराउने काम शिपसले गर्दै आएको छ ।

आमसञ्चार जगतमा 'बिट रिपोर्टिङ' स्थापित हुँदै गएको अवस्थामा 'शिक्षा बिट' एक महत्त्वपूर्ण कडी बनेको छ । सञ्चारकर्मी आफू बालकै हुँदादेखि लिएका औपचारिक शिक्षाको अनुभव, पत्रकारिता पेसातर्फ उन्मुख हुँदा पढेको सिद्धान्त, पत्रकार भएर सामाजिक मुद्दासँग जोडिएको शिक्षा विषय उठानको एकमुष्ट प्रयास नै पत्रकारले गर्ने शिक्षासम्बन्धी रिपोर्टिङको आधार हो । तर, शिक्षा बिट अझै सफल रूपमा अघि बढिसकेको अवस्था छैन । किनभने शिक्षा बिट रिपोर्टिङ

---

[१०] रेग्मीसँग २०६४ पुसतिर गरिएको कुराकानीअनुसार ।

गर्दै आएका सञ्चारकर्मीले बीचैमा अर्को विषय परिवर्तन गर्ने/गराउने चलनले गर्दा पनि स्थायित्व पाउन नसकेको हो । बिट परिवर्तनले सञ्चारकर्मीसित पहिलेको बिटका बारेमा विगतमात्र रहन्छ, वर्तमान नयाँ बिटसित सम्बन्धित हुने हुँदा 'शिक्षा बिट' पनि यसै गरी अघि बढेको छ । तैपनि आमसञ्चारमध्ये छापा माध्यममा 'शिक्षा बिट' अब नौलो रहेन ।

शिक्षा बिटका पत्रकारहरूले कक्षा कोठाबाहिरका गतिविधिलाई उठाए पनि कक्षाभित्र प्रवेश गर्ने वातावरण बनेको छैन । अर्थात् कक्षाकोठाभित्र पठनपाठनको वातावरण कस्तो छ ? निजी विद्यालयमा पढाइने पाठ्यक्रम कस्तो छ, शिक्षकले आफ्ना विद्यार्थीलाई कसरी पढाउँछ आदिबारेमा रिपोर्टिङ गर्नका लागि कक्षाकोठामा पत्रकारले प्रवेश पाउँदैनन् । यसका लागि पत्रकारिता क्षेत्रले पनि त्यति आवाज उठाएको पाइन्न । यदि प्रवेश पाउने वातावरण बन्ने हो र त्यसतर्फ शिक्षा पत्रकारले उचित ध्यान दिने हो भने शैक्षिक समाचार विश्लेषणको अर्को पातो थपिने निश्चित छ । राजनीतिले प्रधानता पाएको नेपाली पत्रकारितामा शिक्षा क्षेत्रले अहिले जुन स्थान पाएको छ, त्यो एक किसिमको उपलब्धि त हो तर पूर्ण सन्तुष्टि लिने ठाउँ छैन । सबै मिडियाले शिक्षा बिटका लागि छुट्टै रिपोर्टर दिन सक्ने अवस्था छैन र यो चाँडै परिपूर्ति हुनेवाला पनि छैन । मिडिया हाउसहरू आर्थिक रूपमा सक्षम नभएसम्म वा दस जना रिपोर्टरले पूरै पत्रिका भर्नुपर्ने अवस्था नटुङ्गियुञ्जेल यो सम्भव छैन । मौजुदा एकाध बिट रिपोर्टरहरूबाट शिक्षा पत्रकारिताको समग्र प्रतिनिधित्व सम्भव छैन ।

## सन्दर्भ सामग्री


अधिकारी, कृष्ण । २०६० । नेपालमा फिचर सेवाको अभ्यास । *मिडिया उत्पादन र अन्तर्वस्तु* । रमेश पराजुली र प्रत्यूष वन्त, सं., पृ. ५७-८५ । काठमाडौँ: मार्टिन चौतारी ।

थापा, हरि र विनोद ढुङ्गेल, सं. । २०६१ । *टेकोले धानेको घर* । काठमाडौँ: शिक्षा पत्रकार समूह ।

देवकोटा, ग्रीष्मबहादुर । २०५९ । *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास* । ललितपुर: साझा प्रकाशन ।

शर्मा, गोपीनाथ । २०५७ । *नेपालको शैक्षिक इतिहास* । काठमाडौँ: मकालु बुक्स एण्ड स्टेसनर्स ।

शर्मा, राजन । २०६४ । *शिक्षाका चार मुद्दा* । काठमाडौँ: शिक्षा पत्रकार समूह ।